# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०५।०३ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

----------------------------------------

जिल्ला सुर्खेत, सिम्ता गाउँपालिका वडा नं. २ देउली-सिर्पा-काफलकोट जोड्ने सडकमा विनियोजन भएको रकम बराबरको काम नभएको भन्ने उजुरीउपर अनुसन्धान हुँदा सिम्ता गाउँपालिकामा कार्यरत सिभिल सबइञ्जिनियर शिव शंकर पोखेल र इञ्जिनियर, नविन शर्माले देउली-सिर्पा-काफलकोट सडक निर्माणमा बदनियतपूर्वक ट्र्याक ओपनिङ्गमा नभएको कामको परिमाण देखाउने तथा बढी मूल्य पर्ने आइटमहरूमा बढी परिमाण गरेको देखाई कार्यसम्पन्न प्रतिवेदन तयार गरी पेश गरेको पुष्टि हुन आयो । यस्तो गलत प्रतिवेदन पेश गरी रू.४,५६,४३१।३५ (चार लाख छपन्न हजार चारसय एकत्तीस र पैसा पैतीस) बढी भुक्तानी दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) तथा सोही ऐनको दफा १९ को उपदफा (२) को कसुर गरेको प्रमाणित हुन आएकोले प्रतिवादीहरू नविन शर्मा र शिव शंकर पोखेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी विगो असुलउपर हुन र सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुनसमेतको मागदावी लिइएको।

देउली- सिर्पा-काफलकोट हुँदै जितेजुवा जोड्ने सडक उपभोक्ता समितिका अध्यक्ष भुवान सिंह ठकुरी, कोषाध्यक्ष श्रीमती टिगा वली र सचिव नन्द सिंह ठकुरीले सुर्खेत सडक निर्माणको लगत इष्टिमेट र सम्झौताबमोजिम ११६० मिटरको नयाँ ट्र्याक खनी खोल्नुपर्नेमा सिम्ता गाउँपालिका कार्यालयका सिभिल सबइञ्जिनियर शिव शंकर पोखेल र इञ्जिनियर नविन शर्मासँग दूषित मनसायले मिलेमतो गरी ९४० मिटर लम्बाइ मात्र नयाँ ट्र्याक खोलेको तथ्यलाई लुकाई नभए नगरेको नयाँ ट्र्याक खोलेको भनी झुट्टा नापी किताब एवम् कार्य सम्पन्न प्रतिवेदन बनाई उक्त काममा मेशिनरी (डोजर) प्रयोग गरेको बिल भरपाईसमेत पेश नगरी बदनियतपूर्वक गैरकानूनी रूपमा बढी रकम भुक्तानी लिनुखानु गरी नेपाल सरकारलाई गैरकानूनी हानिनोक्सानी र आ-आफूले गैरकानूनी लाभ लिई निजहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेकोले गैरकानूनीरूपमा बढी भुक्तानी लिइ खाएमासेको रू.४,५६,४३१।३५ (चार लाख छपन्न हजार चारसय एकत्तीस र पैसा पैतीस) रकम विगो कायम गरी निज प्रतिवादीहरू भुवान सिंह ठकुरी, टिंगा वली र नन्द सिंह ठकुरीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी सोही दफा ८ को उपदफा (४) बमोजिम निजहरूबाट विगो असुलउपर गरी जफत गर्ने मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता